प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

# नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०५/११

(बेलुका ५:०० बजे)

## ❖ मुख्यमुख्य क्रियाकलापहरु

- यस प्रदेशमा आज काठमाण्डौमा २७१, ललितपुरमा ६७, चितवनमा ४६, भक्तपुरमा ४६, मकवानपुरमा २५, काभ्रेपलान्चोकमा १६, नुवाकोटमा ९, रामेछापमा ६, सिन्धुलीमा ४, सिन्धुपाल्चोकमा ३, दोलखामा २ र धादिङमा १ गरी जम्मा ४९६ जनामा नयाँ संक्रमण थपिएको छ । सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय महानगरपालिका, नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप र अन्य आवश्यक व्यवस्थापन (काठमाण्डौ, भक्तपुर र ललितपुर हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) कार्य भईरहेको छ।
- तारकेश्वर-११, काठमाण्डौ निवासी ४८ वर्षिया पुरुषको मिति २०७७ भाद्र १० गते किष्ट मेडिकल कलेज, ललितपुरमा निधन भएको छ । निमोनियाको समस्या भई भाद्र ७ गते किष्ट मेडिकल कलेजमा भर्ना भएका निजको भाद्र ९ गते कोरोना पुष्टी भएको थियो (निज मधुमेह रोगको पनि बिरामी हुनुहुन्थ्यो) । त्यस्तै ललितपुर-४ निवासी ६५ वर्षिया महिलाको मिति २०७७ भाद्र ११ गते पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान, ललितपुरमा निधन भएको छ । मृगौला सम्बन्धि रोगका बिरामी निज भाद्र ५ अस्पतालमा भर्ना भएकी थिइन भने निजको भाद्र ९ गते कोरोना पुष्टी भएको थियो । उहाँहरुको निधनमा सामाजिक विकास मन्त्रालय हार्दिक समवेदना प्रकट गर्दछ।

## ❖ बागमती प्रदेशमा संक्रमितहरुको विवरण

- हालसम्मको तथ्यांकमा यस प्रदेशमा देशको कुल संक्रमणको १७ प्रतिशत (१७.०७%) रहेको छ भने मृत्युको अनुपात यस प्रदेशमा तुलनात्मक रुपमा बढी रहेको छ र मृत्यु हुनेमा अन्य जिर्ण रोगहरुको सहरुग्णता देखिएको छ।यस तथ्यलाई नियाल्दा यस महामारीमा जेष्ठ नागरिक तथा अन्य जिर्ण रोगको सहरुग्णता भएको व्यक्तिहरुले कोभिड-१९ बाट बच्नको लागि विशेष सावधानी अपनाउनुपर्ने देखिएको छ ।
- यस प्रदेशमा पछिल्ला दिनमा संक्रमितको संख्या तीव्र रुपमा बढेको हुनाले हाल उपचाररत बिरामीको संख्या निको भएका भन्दा तुलनात्मक रुपमा बढी देखिएको हो ।

| विवरण | नेपाल | बागमती प्रदेश |
|---|---|---|
| संक्रमण देखिएको (PCR) | ३५५२९ (१००%) | ६०६८ (१००%) |
| निको भएको | २००७३ (५६.५%) | ९४६ (१५.६)* |
| उपचाररत | १५२७३ (४३.०%) | ५०८३ (८३.८%)* |
| मृत्यु भएको | १८३ (०.५%) | ३९ (०.६%)* |
| श्रोतः | -स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/११, | -सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिङ २०७७/०५/११ |

## ❖ जिल्लागत क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धी विवरण

- हाल सम्म बागमती प्रदेशमा ९६९६ वटा क्वारेन्टाईन बेड ब्यवस्थापन गरेकोमा अहिले ५९९ जना बस्दै आउनुभएको र १०७८ जना अहिले होम क्वारेन्टाईनमा बस्दै आउनुभएको छ। यस प्रदेशमा २७९९ वटा आइसोलेशन बेड तयारी अवस्थामा रहेको छ जसमा अहिले २३१८ जना बस्दै आउनुभएको छ। आजको मिती सम्मको विवरण अनुसार ३७३९६ जनाको आर डी टी परिक्षण गरिएकोमा ९०८ जनाको पोजिटिभ आएको छ र ५७२३२ जनाको पि सि आर परिक्षण गरिएको छ।

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइन मा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | आजको नयाँ संक्रमण | जम्मा पोजेटिभ |
| काठमाण्डौ | १०५० | १०४ | ३४० | १२१२ | १६९७ | १०८६० | १०५२८ | ३३२ | २३१५५ | २७१ | ३४५८ |
| ललितपुर | ३७१ | ३१ | ८० | २२१ | १७८ | ४६३० | ४५७५ | ५५ | २५४५ | ६७ | ५७६ |
| भक्तपुर | १०५ | ६ | १६५ | ३२१ | ५९ | २३९६ | २३७६ | २० | ४८४५ | ४६ | ३७१ |
| रसुवा | २८८ | १० | १५ | ३५ | ४ | ६९८ | ६८६ | १२ | ६३५ | | १७ |
| नुवाकोट | ११७७ | ० | ० | ४० | ११ | ३२९२ | ३१०२ | १९० | २९०१ | ९ | ८७ |
| धादिङ | ३१५ | २४ | २१ | ६२ | १० | ३१३५ | २९९० | १४५ | २१४२ | १ | १८६ |
| चितवन | २४६५ | २०२ | १४४ | ३५५ | ८५ | १८३८ | १८२३ | १५ | ६७३७ | ४६ | ४९८ |
| सिन्धुली | ३९२ | ४५ | १५ | ४३ | ३१ | १२३० | ११९६ | ३४ | २२९४ | ४ | ६९ |
| मकवानपुर | ४०७ | २५ | १०३ | २१७ | १०४ | १९३९ | १९१९ | २० | ५०७४ | २५ | ४२९ |
| रामेछाप | ५०० | ६५ | ० | १०४ | ९ | ८९२ | ८८४ | ८ | ४९९ | ६ | ६६ |
| दोलखा | ९८६ | ४५ | २ | २७ | १८ | १७४६ | १७३२ | १४ | १४२४ | २ | ४८ |
| काभ्रेपलान्चोक | ८५१ | ३१ | १०९ | १०६ | १०२ | ३२८२ | ३२३२ | ५० | २०८१ | १६ | १६३ |
| सिन्धुपाल्चोक | ७८९ | ११ | ८४ | ५६ | १० | १४५८ | १४४५ | १३ | २९०० | ३ | १०० |
| जम्मा | ९६९६ | ५९९ | १०७८ | २७९९ | २३१८ | ३७३९६ | ३६४८८ | ९०८ | ५७२३२ | ४९६ | ६०६८ |

श्रोत: पोजिटिभ केसको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिडिया ब्रिफिंगबाट दैनिक प्राप्त जानकारी अनुसार र अन्य विवरण सम्बन्धित् जिल्लाबाट प्राप्त आजको अन्तिम अभिलेख अनुसार

## ❖ प्रदेश प्रयोगशालामा भएको पि. सि. आर. परीक्षणको विवरण

प्रदेश प्रयोगशालामा भएको पी. सी. आर परिक्षणको विवरण यस प्रकारको रहेको छ:

| प्रयोगशाला | हालसम्म प्राप्त स्वाबको संख्या | आज प्राप्त स्वाब संख्या | आज परिक्षण भएको स्वाबको संख्या | आज परिक्षण भएको स्वाबको नतिजा | | कै |
|---|---|---|---|---|---|---|
| | | | | पोजिटिभ | नेगेटिभ | |
| VBDRTC स्थित प्रदेश प्रयोगशाला | १९५४६ | १३२ | १६९ | ३१ जना:<br>मकवानपुर-२०, बारा-२, पाँचथर-१, फलोअप-८ | १३८ | |
| धुलिखेल स्थित प्रदेश प्रयोगशाला | १२६४ | १०४ | २३९ | ३८ जना:<br>भक्तपुर-७, सर्लाही-४, रौतहट-४, काभ्रेपल्लन्चोक-३, डोल्पा-३, बझांग-३, नुवाकोट-२, कैलाली-२, रुपन्देही-२, काठमाण्डौ-२, ललितपुर-१, चितवन-१, पाल्पा-१, बैतडी-१, विजयपुर-१, सोलुखुम्बु-१ | २०१ | |

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको लिंगअनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा पुरुषहरुमा महिलाको तुलनामा बढि संक्रमण देखिएको छ।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/११

❖ बागमती प्रदेशमा कोभिड-१९ संक्रमितहरुको उमेर समुह अनुसारको विवरण यस प्रकार रहेको छः

यस प्रदेशमा संक्रमितहरु अधिकांश पुरुष त्यस्तै २१ देखि ५० वर्षका महिला तथा पुरुषहरु रहेका छन्।




स्रोतः EWARS, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, २०७७/०५/११

❖ कोभिड-१९ सम्बन्धि थप जानकारी र मार्गदर्शनको लागि निम्न उल्लेखित वेबपेज हेर्न हार्दिक अनुरोध छः

-सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशः http://mosd.p3.gov.np/
-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयः https://covid19.mohp.gov.np/#/
-नेपाल सरकार गृह मन्त्रालय : https://covid19.ndrrma.gov.np/
-कोभिड १९ संकट ब्यबस्थापन केन्द्रः ccmc.gov.np
-इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाः http://www.edcd.gov.np/news/covid-19-situation-updates
-विश्व स्वास्थ्य संगठन/नेपालः https://www.who.int/nepal

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाव र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)
डा. पुरुषोतम राज सेढाई